# धवलागिरि गाउँपालिका

## मुना, म्याग्दी

## आषाढ १०, २०७९

सोह्रौँ गाउँ सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

**गाउँ सभा सदस्यहरु,**

१. राज्यको शासकीय स्वरुप तीन तहमा पुर्नसंरचना गरी तीन तहका सरकारको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व तथा स्रोत साधनको वाडफाँड समेत गरी सो को कार्यान्वयन भई रहेको छ । तीन तहका सरकारहरु स्वशासन र सहशासनको अवधारणा अनुसार अगाडि बढिरहेका छन् । यिनीहरुबीच कार्यात्मक अन्तर्सम्बन्ध तथा समन्वयका क्षेत्रहरुको पहिचान समेत भईसकेको अवस्था छ । नागरिकले आफूमा निहित सार्वभौमसत्ताको कुशल र व्यवहारिक प्रयोगका लागि आफ्ना प्रतिनिधिहरु चयन गरी आफूसँग रहेर सुःख दुःखको सहयात्री स्थानीय सरकार निर्माण गरेको पाँच वर्ष पूरा भई गत २०७९ बैशाख ३० गते सम्पन्न निर्वाचन पश्चात नवनिर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको अवस्था छ । नेपालको स्वाधीनताको रक्षा तथा नेपालीहरुको जीउ, धन, समानता, स्वतन्त्रताको संरक्षण गरी आधारभूत मानव अधिकारको स्थापना तथा पुनर्बहाली गर्न सदियौँ देखि संघर्ष गर्ने सबै राजनैतिक योद्धाहरु प्रति म हृदयदेखि नै स्मरण गर्न चाहन्छु । साथै आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

२. लोकतन्त्रका आधारभुत मूल्यमान्यता, मानव अधिकारको संरक्षण, सुशासन, विधिको शासन र गाउँवासीको आधारभुत हक अधिकारको स्थापना र कार्यान्वयन गरी गाउँवासी प्रतिको प्रत्यक्ष उत्तरदायित्व तथा जवाफदेहिता सिर्जना गर्दै लोकतन्त्रलाई नागरिक स्तर देखि नै सबल बनाई लोकतान्त्रिक लाभहरुको समन्यायिक वितरण गर्न धवलागिरि गाउँ सरकार क्रियाशील रहेको यहाँहरु समक्ष पुनः स्मरण गर्न चाहन्छु । यसै परिप्रेक्ष्यमा धवलागिरि गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सार्वभौमसत्ता सम्पन्न नागरिकबाट निर्वाचित जनप्रतिनिधिको हैसियतले यस गरिमामय सोह्रौँ गाउँ सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

३. नेपालको संविधानले दिएको संवैधानिक अधिकार, संविधानको मर्म र भावनालाई आत्मसाथ गर्दै जनताको नजिकको सरकारका हैसियतले ३८ वटा ऐन कानुनद्वारा जनताको चाहना, स्थानीय आवश्यकता, लोकतान्त्रिक मूल्य र मान्यता बमोजिम सरकार सञ्चालन

गर्दै आएका छौं । सन्तुलित, सुदृढ, समावेशी, समन्यायिक दिगो आर्थिक विकास, प्रभावकारी रोजगारीका अवसरहरु सृजना गर्ने, आर्थिक लगायत सबै किसिम र स्वरुपका असमानता हटाउने, चुस्त प्रशासनिक संयन्त्र निर्माण गरी पालिकावासीहरुलाई सुशासनको प्रत्याभुति दिई समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न गाउँ कार्यपालिका प्रतिवद्ध रहेको छ । यसको लागि आवश्यकता र औचित्यमा आधारित भएर राजनैतिक, आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु सञ्चालन गरिएको छ । संवैधानिक अधिकारको स्थानीय तहमा नै प्रयोग र प्रचलनमा ल्याउन अन्य आवश्यक नीति, नियम, कानुनहरुको निर्माण गरिएको छ ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरु सहज रुपमा स्थानीय नागरिक सम्म पुऱ्याइ लोकतन्त्रको प्रतिफलको अनुभूति दिलाउन स्थानीय सरकार बलियो आधार बनेका छन् । पालिका, वडा, टोल र बस्ती सम्म संयन्त्र परिचालन मार्फत समन्यायिक वितरण गर्न गाउँ कार्यपालिकाले दीर्घकालिन र अल्पकालीन कार्यक्रमहरु अगाडि बढाई कार्यान्वयनमा ल्याएको छ । जनताद्धारा चुनेका हामी जनप्रतिनिधिले जनताकै चाहना बमोजिम नागरिकको सर्वोपरि हित र विकासका लागि धवलागिरि गाउँ कार्यपालिकाका सबै संयन्त्र परिचालन भएको गरिमामय सभा समक्ष निवेदन गर्न चाहन्छु ।

५. धवलागिरि गाउँपालिकाको आठौँ गाउँ सभाले स्वीकृत गरेका दीर्घकालिन महत्वका नीति तथा कार्यक्रमहरुको दीगोपनाको लागि आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ । **"कृषि, पर्यटन पूर्वाधार र रोजगार: समृद्ध धवलागिरि निर्माणको आधार"** भन्ने नारालाई साकार पार्न नागरिक केन्द्रित भै उनीहरुकै सार्थक तथा जीवन्त सहभागितामा नवीन कार्यक्रमहरु शुरुवात गरिनेछ ।

**सभा सदस्यहरु,**

६. अब म धवलागिरि गाउँ कार्यपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गर्दछु ।

**सभा सदस्यहरु,**

**<u>पूर्वाधार विकास</u>**

७. गाउँ कार्यपालिकाको कुनै भौतिक पूर्वाधार बिना असहज परिस्थितिमा यस पालिका अन्तर्गतको ३ नं वडा कार्यालयको भवन लिएर कार्यालय सञ्चालन गरी ५ वर्ष बितेको यहाँहरुलाई अवगत नै छ । अहिले हामी जहाँ छौं यो जमिन र भवनको स्वामित्वमा रहेको सरकारी जमिनमा संरचना थप गरी कार्यालय संचालन गरिरहेका छौं । धवलागिरि गाउँ कार्यपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको लागि २०७९ आषाढ २ मा ठेक्का सम्झौता भइसकेको छ । अब भवन निर्माणको काम प्रारम्भ गरिनेछ ।

८. वडा कार्यालय निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईने छ । वडा नं. २ र ७ को वडा कार्यालयहरुको निर्माण अन्तिम चरणमा पुगेको छ ।

९. आधारभूत स्वास्थ्यमा नागरिकहरुको सहज, सरल र गुणस्तरीय पहुँच स्थापना गर्न स्वास्थ्य चौकीहरुको भौतिक सुविधा विस्तार र स्वास्थ्यकर्मीहरुको व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ । यसका लागि गाउँपालिकाको वडा नं ७ ताकममा पाँच शैय्याको हस्पिटल र वडा नं. ३ मुनामा स्वास्थ्य चौकी भवन निर्माणाधीन छन् । यस पालिकाको  वडा नं १ गुर्जामा संघीय सरकार र गाउँपालिकाको समपुरक बजेटबाट स्वास्थ्य चौकी भवन आगामी आर्थिक वर्ष सम्ममा निर्माण सम्पन्न गरिनेछ । साथै अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थासँगको सहकार्यमा समेत स्वास्थ्य संस्थाहरुको विस्तार र सुदृढिकरण गरिनेछ ।

१०. ढोरपाटन शिकार आरक्ष हुँदै अन्तर प्रदेश राजधानी जोड्ने प्रादेशिक सडक मार्ग(क) यस गाउँपालिकाको समथर भु-भाग हुदै अधिकांश क्षेत्रको ट्र्याक ओपनको काम भई स्तर वृद्धिको कार्य भईरहेको छ । यस सडकले वडा नं ७, ३ र २ को क्षेत्रलाई समेटेको हुँदा बस्ती विकास, व्यापार व्यवसाय र औद्योगीकरण, ताकममा शहरीकरणका कार्यक्रम अगाडि बढाईनेछ ।

११. धवलागिरि गाउँपालिकाले बेनी- गुर्जा- डोल्पा जोड्ने महत्वपुर्ण सडकको रुपमा परिकल्पना गरेको कर्णाली प्रदेशका महत्वपूर्ण स्थानहरुका साथै कर्णाली प्रदेशको राजधानी सुर्खेत जोड्ने द्रुत हिमालय राजमार्गको निर्माणको लागि सम्भाव्यता प्रतिवेदन र वातावरणीय प्रभाव मुल्याङ्कन गरी  संघ तथा प्रदेश सँग समन्वय गरिनेछ । यस सडकको निर्माणले भविष्यमा अन्तर प्रादेशिक सडक सञ्जालको निर्माण भै आर्थिक, सामाजिक तथा सांस्कृतिक समन्वय तथा सञ्जालीकरणमा सहजता ल्याउनेछ ।

१२. गाउँपालिकाकले परिकल्पना गरेको मुना- ताकम- मराङ- मल्कवाङ- खिवाङ हुँदै मुदी- गुर्जा- लुलाङ- मुना धवलागिरि रिङरोडको ट्र्याक खोल्ने कार्य आगामी आर्थिक वर्षमा सुरुवात गरिनेछ । यस कार्यले पालिका क्षेत्रको यातायातलाई थप सहजता ल्याउने छ । सडक निर्माणमा गुणस्तरीयता प्रवर्द्धन गर्न गाउँपालिका र राष्ट्रिय योजना आयोगसँग साझेदारि गरी कार्यक्रम अगाडि बढाइने छ ।

१३. अन्तरपालिका र अन्तर वडा सडक सञ्जालीकरण गर्ने लिंकरोड मराङ, गेरवाङ, मलम्पार, मल्कवाङ हुदै रघुगंगा गाउँपालिकाको चौरखानी जोड्ने अन्तर पालिका सडक निर्माण सुरुवात भइसकेको छ । आगामी आर्थिक वर्षमा सो को निर्माणलाई तीव्रता दिइनेछ ।

१४. यस पालिकाको वडा नं २ लाई सडक सञ्जालले जोड्ने कार्य अन्तिम चरणमा पुगेको छ । वडा नं १ गुर्जालाई सडक सञ्जालले जोड्न उच्च प्राथमिकतामा राखिनेछ ।

१५. पालिकावासीको आवागमनमा भरपर्दो सुरक्षा व्यवस्थापन गर्न तथा यातायातमा सहज पहुँच स्थापना गर्न ओर्थान खोला स्टिल ट्रस पुल, धुल्धुना खोला स्टिल ट्रस पुल, आवास खोला स्टिल ट्रस पुल, पुल्टुस खोला झोलुङ्गे पुल, कोपिलाघाट खोला झोलुङ्गे पुल, छिरी खोला झोलुङ्गे पुल र अस्करे खोला स्टिल ट्रस पुलहरुको निर्माण कार्य सम्पन्न भइसकेको छ । आगामी आर्थिक वर्षमा कौशिनी र बाँसवोट, बगर छिरिखोला र खोलाखर्कमा झोलुङ्गेपुल निर्माण कार्यको शुरुवात गरिनेछ ।

१६. धवलागिरि गाउँपालिका वडा नं ७, हिलापोखरी र वडा नं २ खोरियामा सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भएको छ । शहरी शासकीय क्षमता विकास कार्यक्रम मार्फत आवास तथा बस्ती क्षेत्रमा पूर्वाधार सुधार, सार्वजनिक शौचालय निर्माण कार्य अगाडि बढाईनेछ । ग्रामीण बस्ती तथा बसोबासबाट निर्माण भएको यस धवलागिरि गाउँपालिकालाई शहरोन्मुख नगरमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार विकासका कार्यक्रम ल्याइनेछ ।

१७. धवलागिरि गाउँपालिका जातीय विविधताले भरिपूर्ण रहेको गाउँपालिका हो । मगर, छन्त्याल, दलित, क्षेत्री, ब्राह्मणहरुको सर्वाङ्गीण विकासका लागि पालिका स्तरीय छुट्टा-छुट्टै जातीय पहिचान झल्किने खालका भवनहरु निर्माण गर्न आवश्यक पहल गरिने छ ।

१८. काठेपोलले विद्युतीकरण भएको क्षेत्रमा जोखिमयुक्त जीवनयापनलाई सुरक्षित बनाउन तय गरिएको काठेपोलमुक्त पालिकालाई आगामी आर्थिक वर्षमा पूरा गरी उज्यालो पालिका बनाउने अभियानलाई पूर्णता दिईनेछ।

१९. धवलागिरि गाउँपालिकाका गाउँ बस्तीलाई सुरक्षित र पूर्वाधार सम्पन्न बनाउन गाउँ बस्ती क्षेत्रमा सौर्य उर्जा, लघु जलविद्युत आयोजनालाई वैकल्पिक उर्जाको रुपमा विकास गर्दै विद्युतको केन्द्रीय प्रसारण लाईन विस्तारको काम शुरुवात गरिएको छ। उक्त कार्यक्रमलाई निरन्तरता दिई उज्यालो पालिका निर्माणलाई अभियानको रुपमा अगाडि बढाईने छ।

२०. धवलागिरि गाउँपालिकामा रहेका जोखिमयुक्त घरहरुको पहिचान गरिनेछ । उक्त जोखिमयुक्त घरहरुलाई सुरक्षित आवासको रुपमा रुपान्तरण गर्ने संघीय सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ । जनता आवास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने पहल गरिने छ। घर नभएका विपन्न परिवारको सुरक्षित आवासका लागि साझेदारीमा आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२१. गाउँ कार्यपालिकाको कार्यालयबाट निर्माण भएका सडक लगायतका पूर्वाधारहरुको संरक्षण र दिगोपना सुनिश्चित गर्न त्यस्ता पूर्वाधारहरुको निर्माण गर्ने क्रममै निश्चित रकम लागत अनुमानमा समावेश गरी सो रकम छुट्टै मर्मत सम्भार कोषमा जम्मा गर्ने व्यवस्था गरिएको छ । उक्त कोषलाई आवश्यक कार्यविधि तर्जुमा गरी प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

२२. उपभोक्ता समितिको क्षमता विकास गरी समितिका पदाधिकारीहरुको व्यवसायिकता सुदृढ गर्न उपभोक्ता समितिको दर्ता तथा नवीकरणलाई अद्यावधिक गरी उनीहरुको क्षमता विकास गरिनेछ।

२३. गाउँपालिकाभित्रका रणनीतिक महत्वका पूर्वाधारहरु निर्माण गर्नका लागि आगामी आर्थिक वर्षमा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन(DPR) तयार गरिनेछ र अन्य तहका सरकारसँग सहकार्य गरी योजना कार्यान्वयन गरिनेछ।

२४. रणनीतिक महत्वका निम्नानुसारका योजना कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ।

क. मुना-लुलाङ-गुर्जा सडक

ख. गुर्जा-रुकुम-डोल्पा सडक

ग. मल्कबाङ-मराङ-मुदी-गुर्जा सडक

**सभाका सदस्यहरु,**

**आर्थिक विकास**

२५. पर्यटन विकासको महत्वपूर्ण आधार हो । रमणीय हिमाल देखि साहसिक पर्यटनको सम्भावना बोकेको पालिकाको पर्यटकीय विकासका लागि पर्यटन गुरुयोजनाको निर्माण गर्ने कार्य सम्पन्न भइसकेको छ । गण्डकी प्रदेशकै पर्यटकीय धरोहरको रुपमा रहेको धवलागिरिको पर्यटन विकासका लागि ऐतिहासिक ताकम कोत मन्दिर क्षेत्र, उच्च मालिका धुरी क्षेत्र, जलजला उपत्यका क्षेत्र, मराङको हललेचौर क्षेत्र, चेचुङ खिवाङको भदौरे धुरी क्षेत्र, नर्जा खोला झरना क्षेत्र, हिमालको काखमा रहेको गुर्जा गाउँ क्षेत्र, वडा नं १ गुर्जा र वडा नं ४ मुदीको सिमाना स्थित रहेका फल्टिङ खोला तातोपानी कुण्ड क्षेत्र, बगर तातोपानी कुण्ड क्षेत्र, धवलागिरी/गुर्जा/चुरेन/पृथा हिमाल क्षेत्र महत्वपुर्ण छन् । यी पर्यटकीय महत्व बोकेका ठाउँहरुको पूर्वाधार विकास र पर्यटकीय गन्तव्यमा परिचित गाराउनको लागि साझेदारको खोजी गरिनेछ ।

२६. पर्यटन पदमार्ग निर्माण, सामुदायिक होमस्टे, धार्मिक पर्यटन, लोकसंस्कृतिको संरक्षण लगायतका कार्यक्रमलाई थप फैलाउने, व्यवस्थित गर्ने, गुणस्तरीयता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।

२७. नर्जा खोला झरना र जलजला क्षेत्र जैविक विविधता र पर्यापर्यटनका हिसाबले महत्व वोकेको क्षेत्र हो । ढोरपाटन शिकार आरक्ष र रुकुम जोड्ने पर्यटकीय सडकमा पर्ने क्षेत्र भएको हुँदा पर्यापर्यटनको क्षेत्रमा अनुसान्धान गरिने छ ।

२८. बागराज थान, ताकम कोत, मालिका धुरी, मुदी मालिका, सोलवाङ शिवालय धार्मिक पर्यटनको विकास गर्ने कार्यक्रम अगाडि बढाईने छ । धार्मिक पर्यटनको महत्व बोकेका ठाउँहरु धारापानी, कुरेपानी, ताकम कोत, मच्छिम, मुना, माझकटेरी, खोरिया, मरेनी, जलजला, गुर्जा, लम्सुङ, मुदी, खिवाङ, चेचुङ ,मराङ र मल्कवाङ पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

२९. यस गाउँपालिकामा जीर्ण अवस्थामा रहेका तर धार्मिक पर्यटनको महत्व बोकेका लक्ष्मीनारायण मन्दिर, ताकम स्थित भगवती मन्दिर, खोरियाको सिद्धथान मन्दिरहरुको भौतिक अवस्थाको निरीक्षण गरी मन्दिर निर्माण कार्यलाई अगाडि बढाईने छ।

३०. धवलागिरि गाउँपालिकामा उद्यमीहरुको विकास गर्न पाँच वर्षे उद्यम विकास रणनीति तर्जुमा गरिनेछ।

३१. धातुका सामान निर्माण गर्ने सीप भएका श्रमिकहरुको सीपलाई व्यवसायीकरण गर्न शुरु गरिएको छ । विदेशवाट फर्केका युवाहरुको सीपलाई रोजगार र व्यवसाय प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ। पालिका भित्र रहेका परम्परागत आरानको सुधार गर्ने कार्यक्रम चालु आ.व.मा प्रारम्भ भएको छ । "एक वार्ड एक घरेलु औजार" उद्योग, परम्परागत पेशा व्यवसायको सुदृढीकरणलाई निरन्तरता दिदै थप परिस्कृत गर्दै पूर्ण व्यवसायीकरण गर्दै लगिने छ।

३२. यस पालिका भित्र रहेका व्यापार व्यवसाय र उद्योगको नियमित रुपमा प्रवर्द्धन, सहजीकरण तथा नियमन हुँदै आएको छ। पालिका भित्र रहेका तामा खानी, ढुङ्गा खानीहरुको संरक्षण र प्रबर्द्धन गरी पालिका क्षेत्रमा उद्योगको प्रवर्द्धन र व्यवस्थापनका लागि धवलागिरि गाउँपालिका वडा नं ७ मा उद्योग ग्रामको विकास गरिने छ। जसले सिङ्गो पालिकाको आर्थिक विकासमा टेवा पुर्‍याउने छ।

३३. गाउँपालिकावासीको जीविकोपार्जान र आर्थिक विकासको मेरुदण्ड उद्यम विकास हो। वनजंगलमा खेर गएका कच्चा पदार्थ, कृषकहरुद्वारा उत्पादित वस्तुको प्रशोधन गरी बजारीकरणमा जोड दिन आवश्यक रहेको छ। पालिका क्षेत्रमा सम्भावना रहेका बाँसजन्य सामग्री, अल्लो प्रशोधन, चिराईतो संकलन तथा प्रशोधन उद्योगको सम्भावना देखिएको छ। लघुउद्यम विकास मार्फत सीप विकास, प्रविधि हस्तान्तरण गरी पूराना उद्यमीको स्तरवृद्धि र नयाँ उद्यमीको सिर्जना हुने कार्यक्रमलाई अगाडि बढाइने छ।

३४. "एकका लागि सबै र सबैका लागि एक" सहकारीको मूल मर्म हो। सहकार्य, सहयोग, साझेदारिता नै सीमान्त किसानको आर्थिक विकासको लागि साथी र सारथि हो। पालिका भित्र रहेका सहकारीलाई सहकारीको सिद्धान्त, मूल्य मान्यता भित्र रहेर सञ्चालन गर्न अनुगमन, नियमनका कार्य नियमित रुपमा गरिने छ। गरिबसँग सहकारी, सहकारीमा रहेको

पुँजीलाई आयआर्जन, उद्यम विकास र आर्थिक विकासमा केन्द्रित गर्ने वातावरण सिर्जना गरिने छ ।

३५. सहकारीहरुले गरेको काम, योगदान, भूमिका, पारेको प्रभाव अध्ययन, तथ्याङ्क सङ्कलन गरी प्रकाशन गरिने छ । सरकारी तथा सहकारी साझेदारी कार्यक्रमको पहिचान गरि कार्यक्रम सञ्चालन गरिने छ । राम्रो काम गर्ने सहकारी र सहकारी कर्मीलाई सम्मान र पुरस्कृत गर्दै लगिने छ । एक व्यक्ति एक सहकारीको अवधारणालाई कडाईका साथ लागू गरिने छ ।

३६. मौसमी बेरोजगारको खाली समयलाई औद्योगिक क्षेत्र तर्फ स्थानान्तरण गरिनेछ । कृषिमा रहेको अर्ध बेरोजगार तथा लुकेको बेरोजगारलाई कृषिमा व्यावसायीकरण तथा औद्योगिकीकरण मार्फत रोजगार सिर्जना गरिने छ ।

३७. कृषि उत्पादनको विविधीकरण मार्फत संविधान प्रदत्त खाद्य सम्प्रभुताको हकको सुनिश्चितता गरिने छ । धवलागिरिको भौगोलिक अवस्था अनुसार कृषि विकास योजना अगाडि सारिनेछ । समथर भुं-भाग खाद्यान्न तथा तरकारी उत्पादन, म्याग्दी खोला वारि पारीका ठाउँहरुमा फलफूल उत्पादन, पालिकाको सबै वडाहरुमा भौगोलिक विशेषता अनुसारका फलफूल तथा तरकारी उत्पादन गर्न सकिने अवस्था छ । चालू आर्थिक वर्षमा वडा नं १ गुर्जामा गण्डकी प्रदेश सरकारबाट ७६० वटा उच्च घनत्वको रेड डेलिसस र फुजी जातका स्याउका विरुवा रोपण कार्य सम्पन्न भएको छ । पालिकाका सबै वडाहरुमा गहुँ, जौ र कोदो भित्र्याउने थ्रेसर मेसिन वितरण कार्य सम्पन्न भएको छ । यो कार्यक्रमबाट कृषकहरुलाई व्यवसायीकरण, बृहत उत्पादन भई रोजगार तथा आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । कृषि सहकारीहरुलाई सिकाई केन्द्रको रुपमा विकास गरिनेछ । साथै "एक वडा एक पकेट क्षेत्र"को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. कृषि श्रमिकहरुको अभावलाई परिपूर्ति हुने, उत्पादकत्व वृद्धि हुने खालका प्रविधिहरु विस्तार गरी कृषिमा आधुनिकिकरण, व्यवसायीकरण, औद्योगिकीकरण, यान्त्रिकिकरणलाई निरन्तरता दिइने छ ।

३९. भौगोलिक विशेषताका आधारमा सुन्तला, स्याउ, किबी, अलैची, च्याउ, बीउबीजन, माछा तथा माहुरीपालनको पकेट क्षेत्रको आधारमा विविध कार्यक्रम सञ्चालन गरिने छ ।

प्रतिफलमा आधारित कृषि अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। माटोको विशिष्टताको आधारमा खाद्यान्न तथा नगदेबाली उत्पादन बढाउन माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ। कृषि कर्जामा ब्याज अनुदानको कार्यक्रम सञ्चालन गर्न अध्ययन गरिनेछ।

४०. साना तथा मझौला सिंचाई, मलखाद, बीउबीजन, पुँजी तथा प्रविधि उपलब्ध गराउदै प्राङ्गारिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ । **"टनेल हाम्रो उत्पादन तपाईको"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४१. बजारको माग अनुसार कृषि उपज उत्पादन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ। स्याउ, सुन्तला, किवी, कागती, ओखर, टिमुर, अलैँची, सतुवा, चिराइतो खेती लागायत मागमा आधारित कार्यक्रम सञ्चालन गरिने छ।

४२. थोरै ज्यालामा अन्यत्र काम गर्ने, आफूसँग भएको जमिन बाँझो छोड्ने क्रम बढिरहेको अवस्थामा चालु आ.व.मा खाद्य सुरक्षालाई ध्यान दिई विगत लामो समय देखि बाँझो रहेको जमिनमा खेतीलाई प्रोत्साहन दिने कार्यक्रम अगाडि सारिनेछ। यसबाट खाद्यान्न बालीको उत्पादन वृद्धि हुने र खाद्य सुरक्षालाई टेवा पुग्ने छ। बाँझो जमिनको उपयोग हुने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ।

४३. गाउँपालिकामा हरेक वर्ष कृषकहरुले लगाउने फलफुल तथा जडिबुटीका बीउ, विरुवाको माग बढ्दै गएको छ । विउ, विरुवाको खरिद, गुणस्तरीय विउ/विरुवाको व्यवस्थापन गर्न धवलागिरि गाउँपालिका वडा नं ७, हिलापोखरीमा रहेको बहुउद्देश्यीय नर्सरीको प्रवर्द्धन गरिनेछ।

४४. "एक वडा एक पशु पालन फार्म"लाई निरन्तरता दिईनेछ। भेडा, बाख्रा, भैंसी तथा गाई फर्मलाई साना व्यवसायी कृषि तथा पशुपंक्षी उत्पादन केन्द्र(पकेट)को रुपमा विकास गरिनेछ।

४५. पालिकालाई दुग्धजन्य पदार्थ र मासुमा आत्मनिर्भर उन्मुख बनाइने छ। स्वस्थकर मासु बिक्रीका लागि पालिकामा स्थापित मासु पसलहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण मार्फत गुणस्तर कायम गरिने छ।

४६. भेडा पालन पकेट, बाख्रा पालन पकेट, कुखुरा पालन पकेट, गाइ भैँसी पालन पकेट जस्ता थप पकेट कार्यक्रमहरुको विकास एवं विस्तार गरिनेछ । पकेटमा आधारित पशुपालन

कार्यक्रमलाई निरन्तरता दिइनेछ । " एक वडा एक पशु तथा स्थानीय कुखुरा पालन पकेट"लाई विस्तार गरिनेछ ।

४७. पशुपालन नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । यस गाउँपालिकामा पालिएका पशुहरुलाई महामारी रोग विरुद्ध खोपको व्यवस्था गरिनेछ । पशु बिमा कार्यक्रमको लागि कृषकहरुलाई उत्प्रेरित गरी कृषकहरुको सहभागितामा ५०% अनुदानको व्यवस्था गरी पशुधन सुरक्षाको प्रत्याभुति कार्यक्रमलाई संघ र प्रदेश सरकारसँग सहकार्य गरी आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ ।

४८. उन्नत जातका पशुहरुको आयातमा जोड दिदै स्थानीय पशु प्रजातिहरुको संरक्षण गरिनेछ । "एक गाउँ एक प्राविधिक" हरुको सेवाको आवश्यकता र औचित्यका आधारमा व्यवस्थापन गरिनेछ ।

४९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पालिकासँगको साझेदारीमा सञ्चालन गरि निरन्तरता दिइनेछ । रोजगार सेवा केन्द्र मार्फत गाउँपालिका भित्र रहेका ८९७ बेरोजगार युवाहरुका लागि सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

५०. मर्मतसम्भारका लागि अत्यावश्यक दक्ष जनशक्ति तयार गर्न कृषि औजारहरुको मर्मतसम्भार तालिम सञ्चालन गरिनेछ ।

**सभा सदस्यहरु,**

**सामाजिक विकास**

५१. विद्यार्थीहरुमा सञ्चालन हुँदै आएको दिवा खाजा कार्यक्रम र सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५२. सबैका लागि शिक्षा, विद्यालय व्यवस्थापन अनुदान, बाल विकास केन्द्र व्यवस्थापन, निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन कार्यक्रमलाई निरन्तर रुपमा कार्यान्वयन गरिनेछ । शैक्षिक गुणस्तर सुदृढीकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहनमा जोड दिईनेछ ।

५३. विद्यालयमा निर्माण भएको भौतिक पूर्वाधारहरुको सदुपयोग गरिनेछ ।गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिदै आवश्यकताका आधारमा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाईने छ ।

५४. यस पालिका स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्दा क्रमशः सूचना प्रविधिमैत्री शैक्षिक प्रयोगशालाको विस्तार गरी शैक्षिक गुणस्तर प्रदान गर्ने कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिइने छ।

५५. प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न बालमैत्री पूर्वाधार विकास गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ।

५६. स्थानीय कला, संस्कृति, साहित्य, धर्म तथा अन्य सामाजिक तथा साँस्कृतिक धरोहर, धवलागिरिको पहिचान र विशिष्टताबारे जानकारी दिन चालू आर्थिक वर्षमै स्थानीय पाठ्यक्रमको निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्षमा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक छपाई गरी शैक्षिक सत्र २०८० देखि कार्यान्वयनमा ल्याइनेछ।

५७. शैक्षिक पहुँच सुनिश्चितता, वैकल्पिक एवं अनौपचारिक शिक्षा, साक्षरता तथा निरन्तर शिक्षालाई जोड दिईनेछ। विद्यालयमा प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन गरिने छ। विद्यालयमा भएका कम्प्युटर तथा प्रिन्टर नियमित मर्मत संभार भै प्रयोगमा आउने वातावरण सिर्जना गर्न गाउँपालिकामा प्राविधिक जनशक्तिको व्यवस्थापन गरी नियमित सेवा प्रवाह गरिने छ।

५८. गाउँपालिका भित्र सञ्चालित सबै किसिमका शिक्षा तथा शिक्षालयहरुको प्रभावकारी तथा गुणस्तरीय व्यवस्थापन संयन्त्र निर्माण गरिनेछ । विद्यालयको गुणस्तर परीक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ।

५९. शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्न एस.ई.ई. परीक्षाको नतिजामा उत्कृष्ट विद्यार्थी र विषयगत रुपमा शिक्षकलाई सम्मान तथा पुरस्कारको कार्यक्रमलाई निरन्तरता दिइने छ। कक्षा ८ को परीक्षालाई व्यवस्थित र तथ्यपरक बनाउनको लागि गाउँपालिका स्तरमा क्षेत्रगत रुपमा केन्द्राध्यक्ष तोकी परीक्षा सञ्चालन गरिने व्यवस्था मिलाईनेछ।

६०. गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्पुर्ण ECD सहजकर्ता र विद्यालय कर्मचारीको मासिक पारिश्रमिक संघीय सरकारद्वारा घोषित न्यूनतम पारिश्रमिक बराबर बनाउन आवश्यक व्यवस्था गरिनेछ।

६१. विद्यालय सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन अभिभावक काउन्सिलिङ तालिम, लेखाविधि सम्बन्धी तालिम र सूचना प्रविधि तालिम सञ्चालनलाई

निरन्तरता दिइने छ ।विद्यार्थीको सिकाई उपलब्धी प्रति शिक्षकलाई पूर्णतः जिम्मेवार बनाइने छ । शिक्षकहरुलाई मागका आधारमा तालिमको व्यवस्था गरिनेछ । विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।

६२. आगामी आर्थिक वर्षमा धवलागिरि गाउँपालिकामा रहेको दुई वटा सम्म विद्यालयमा परीक्षणको रुपमा SMART SCHOOL को अभ्यास प्रारम्भ गरिनेछ । प्राप्त प्रतिफलको आधारमा सो कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ।

६३. यस गाउँपालिकाको वडा नं ७ स्थित रहेको अन्नपूर्ण पुस्तकालयलाई गाउँपालिका क्षेत्रको अध्ययन केन्द्रको रुपमा विकास गरिने छ । गाउँपालिका भरिका जेष्ठ नागरिकहरुको सम्मान गर्दै ताकम स्थित निर्माणाधीन जेष्ठ नागरिक भवन निर्माण कार्य सम्पन्न भइसकेको छ । सो भवनलाई थप पूर्वाधार सम्पन्न र व्यवस्थित बनाइनेछ ।

६४. सामुदायिक विद्यालयमा अध्ययनरत दलित तथा विपन्न परिवारका जेहेन्दार छात्र छात्राहरुलाई गाउँपालिकाबाट प्रोत्साहनमूलक कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ । साथै अनाथ, असहाय, गरीब, जेहेन्दार बालबालिकाहरुको शैक्षिक वृत्तिका लागि गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र स्थानीय तहको साझेदारीमा श्री हेम नमुना आवासीय विद्यालय भवन निर्माण कार्य सम्पन्न भइसकेको छ । आगामी वर्ष पनि आवासीय भवनको स्तरोन्नति कार्यलाई निरन्तरता दिइने छ । विद्यार्थीहरुमा सुषुप्त अवस्थामा रहेको प्रतिभालाई उजागर गर्न विविध विधामा विद्यार्थी प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

६५. समुदायमा अवस्थित क्लबहरुलाई लागू औषध दुर्व्यसनी, धुम्रपान, मद्यपान जस्ता वस्तुको प्रयोगले हुने दूरगामी असर, यसको प्रयोगबाट बच्ने उपाय जस्ता विषयमा तालिम तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

६६. बाल क्लब किशोर/किशोरीहरुको समूह भएको कारण यस अवस्थामा हुने शारीरिक, मानसिक, सामाजिक परिवर्तनलाई मध्यनजर गर्दै स्वास्थ्य, शिक्षा कार्यक्रम सञ्चालन गरी सत्व्यवहार कायम गर्न टेवा पुऱ्याइनेछ ।

६७. गाउँपालिका क्षेत्र भित्रका विपन्न तथा जेहेन्दार १/१ जना विद्यार्थीलाई चिकित्साशास्त्र (एमबिबिएस) र इन्जिनियरिङ (बिइ) अध्ययनका लागि छात्रवृत्तिको व्यवस्थाका लागि आवश्यक नीतिगत तथा वित्तीय प्रबन्ध मिलाईनेछ।

६८. संघीय शिक्षा नीतिसँग तादात्म्यता हुने गरी गाउँपालिकाको शैक्षिक नीति अनुसार विद्यार्थी सङ्ख्या पर्याप्त भएका तर विषय शिक्षक नभएका विद्यालयहरुमा दिइदै आएको शैक्षिक अनुदानलाई निरन्तरता दिइनेछ ।

६९. हरित विद्यालय कार्यक्रम सञ्चालन गर्ने विद्यालय प्राङ्गणमा आवश्यक वृक्षारोपण गरी विद्यालयहरुमा हरियाली प्रवर्द्धन गरिनेछ।

७०. सबै नागरिकको आधारभुत स्वास्थ्यमा सरल, सहज तथा गुणस्तरीय पहुँचका लागि वडा नं. ७ ताकममा ५ शैयाको निर्माणाधीन अस्पताललाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

७१. "दीर्घरोगीसँग अध्यक्ष कार्यक्रम" सञ्चालन गरी ३ महिनाभित्र यस गाउँपालिकामा रहेका मुटु, फोक्सो, कोलेस्ट्रोल, उक्त रक्तचाप, मधुमेह, क्यान्सर जस्ता रोगका दीर्घरोगीहरुको पहिचान गरिनेछ। पहिचान भएका बिरामीहरुको स्वास्थ्य परीक्षण र सकेसम्म निःशुल्क औषधी वितरणको व्यवस्था मिलाइनेछ।

७२. राजनीतिक परिवर्तनमा योगदान पुऱ्याउने घाइते तथा अपाङ्गता भएका योद्धाहरुको सम्मानजनक र मानवोचित जीवनयापनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७३. गाउँपालिका भित्र सञ्चालनमा रहेका गाउँघर क्लिनिकहरुलाई निरन्तरता दिइनेछ। आवश्यकताका आधारमा थप सामुदायिक स्वास्थ्य एकाइ र गाउँघर क्लिनिकहरु स्थापना र सञ्चालनमा जोड दिइनेछ।

७४. धवलागिरि गाउँपालिका, वडा नं ७ ताकममा हाल सञ्चालित ल्याब सेवालाई सुदृढीकरण गरिनेछ।

७५. राजनीतिक परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याएका घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुको मानवोचित र सम्मानजनक जीवनयापनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७६. चालू आर्थिक वर्षमा खरिद गरिएको एम्बुलेन्स सेवाको सञ्चालनका लागि आवश्यक कार्यविधिगत व्यवस्था गरिएको छ । उक्त एम्बुलेन्स सेवालाई आगामी आर्थिक वर्षमा पनि थप प्रभावकारी तवरबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

७७. स्थापना भई सञ्चालनमा रहेका सात(७) वटा Birthing Center हरुको गुणस्तरीयता सुनिश्चत गरिने छ । आवश्यकताका आधारमा गाउँपालिकाका अन्य स्थानहरुमा पनि गुणस्तरीय Birthing Center थप गर्दै लगिने छ । मातृशिशु स्वास्थ्यको प्रवर्द्धन गर्न Zero Home Delivery को प्रवर्द्धन गरिनेछ । गाउँपालिका भित्रको वर्थिङ्ग सेन्टरमा प्रसुति हुन नसकी अस्पतालमा प्रसुति हुने गर्भवतीको लागि २ पटकसम्म निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

७८. गाउँपालिकावासीको सहज र सरल स्वास्थ्य पहुँचका लागि स्वास्थ्य चौकीहरुको स्तरवृद्धि गरिने छ । आधारभुत स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकीबाट प्रदान गर्दै आएका अत्यावश्यक औषधीको वितरणलाई प्रभावकारी बनाइनेछ ।

७९. लागु औषधमुक्त गाउँपालिकाको रुपमा धवलागिरीलाई विकास गर्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सामाजिक अभियन्ताको परिचालनलाई थप प्रभापकारी बनाईने छ ।

८०. मातृशिशु तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला वितरण, निःशुल्क र सुरक्षित गर्भपतन सेवालाई निरन्तरता दिईने छ ।

८१. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । वाह्य खोप केन्द्रको भौतिक सुधार गरी सेवालाई प्रभावकारी बनाईनेछ ।

८२. क्षयरोग नियन्त्रण कार्यक्रम, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम र उपचारात्मक सेवा कार्यक्रमलाई सघन रुपमा सञ्चालन गरी नागरिकहरुमा स्वास्थ्य सेवाको सुनिश्चितता गरिने छ ।

८३. जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभवलाई पुस्तान्तरण गर्ने नवीन कार्यक्रम ल्याइनेछ । यस कार्यक्रमले जेष्ठ नागरिकको सम्मान, घरपरिवारको कर्तव्यवोध, स्वास्थ्य सेवाको पहुँच घरघरमा पुगी सम्मानित जीवनयापन गर्न मद्धत पुग्नेछ ।

८४. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई मासिक रुपमा सञ्चालन खर्चको व्यवस्था गरिनेछ ।

८५. विद्यार्थी मार्फत घरघरमा स्वास्थ्य एवं सरसफाईको सन्देश प्रवाह हुने गरी विद्यालयमा विद्यार्थी हेल्थ क्लव गठन गरी जनचेतना अभिवृद्धि गरिने छ । गाउँमा रहेका स्वास्थ्य आमा समूहहरुलाई बालबालिकाको खोप, महामारीमा सचेतना, व्यक्तिगत सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गरी स्वच्छ समाज निर्माणमा परिचालन गरिने छ ।

८६. आयुर्वेद स्वास्थ्यलाई पूर्वीय वाङ्मयको स्वास्थ्य केन्द्रको रुपमा विकास गरिनेछ । धवलागिरि गाउँपालिका, वडा नं ३ मुनामा रहेको नागरिक आरोग्य केन्द्रलाई थप पूर्वाधार सम्पन्न र व्यवस्थित गरिनेछ । योग शिक्षा तथा ध्यान केन्द्रहरुको विकास गरी सकारात्मक जीवन पद्धति तथा सामाजिक विकासमा उपयोग गरिने छ ।

८७. जडिबुटीको पहिचान र नर्सरी स्थापना गर्न जडिबुटि खेतीलाई प्रोत्साहन गरिने छ । गाउँपालिकामा उपलब्ध जडिबुटीहरुको संरक्षण, विकास तथा उपयोगमा जोड दिइने छ । उत्पादित जडिबुटीको बिक्रीवितरणलाई करको दायरामा ल्याइनेछ ।

**सभा सदस्यहरु,**

८८. गाउँपालिका बासीलाई स्वच्छ खानेपानी सुविधाका लागि "एक घर एक धारा कार्यक्रम" संघीय तथा प्रादेशिक सरकारको साझेदारीमा सञ्चालन गरिनेछ । पानीका मुहान संरक्षण कार्यक्रम र लिफ्ट खानेपानी आयोजना विस्तार गरिनेछ । "मुहान देखि मुखसम्म शुद्ध खानेपानी" उपलब्धताको शुरुवात गरी खानेपानीको स्वच्छता र गुणस्तरीयताको सुनिश्चितता गरिने छ । वडा नं. ६ मराङमा निर्माणाधीन एक घर एक धारा निर्माण योजनालाई प्राथमिकताका साथ अगाडि बढाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ ।

८९. घरबाट निष्कासन हुने कुहिने फोहोरलाई कम्पोष्ट मल निर्माण गर्ने र नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९०. गाउँपालिका भित्र अभ्यासमा रहेका सबै किसिमका संस्कृतिको संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । नौमती एवं पन्चेबाजा संरक्षण, लोकगीत, भजनको संरक्षण, आदिवासी तथा जनजातिहरुका मौलिक संस्कृतिको संरक्षण, परम्परागत पेशा, सीप

तथा व्यवसायहरुको संरक्षणका कार्यक्रम सघन रुपमा सञ्चालन भैरहेका छन् । आगामी आर्थिक वर्षमा पनि यी कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

९१. सबै परम्परागत कला, सीप, व्यवसाय तथा रहनसहनलाई गाउँपालिकाको बौद्धिक सम्पत्तिको रुपमा सूचीकृत गरी तिनीहरुको संरक्षण र विकास गरिनेछ ।

९२. धवलागिरि गाउँपालिका भित्र जिल्लामै प्रख्यात रहेका ऐतिहासिक मठमन्दिर, देवालय, ताकम कोत, मालिका धुरी, बाघराज थान, गुठी, पाटीपौवा तथा अन्य धार्मिक स्थलहरुको संरक्षण र विकासमा जोड दिइनेछ । सबै परम्परागत स्थलहरुको विकासले धार्मिक पर्यटकीय सम्भावनालाई उजागर गर्नेछ ।

९३. खेलकुदको माध्यमबाट मानव स्वास्थ्य, अनुशासन, कर्तव्यपरायण तथा राष्ट्रप्रेमी असल नागरिक निर्माणमा जोड दिइने छ । चालु आ.व देखि नै पालिका स्तरीय खेलकुद मैदान, वडा स्तरीय खेलकुद मैदान र टोल स्तरीय खेलकुद मैदान निर्माणमा जोड दिई खेल मैदानहरु निर्माण कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिईने छ ।

९४. अध्यक्ष रनिङ शिल्ड खेलकुद प्रतियोगिताका कार्यक्रमलाई आगामी वर्ष सञ्चालन गरिने छ । पालिकामा खेलाडीहरुको पहिचान, प्रोत्साहन र खेलको विकास भएको छ । खेलाडीहरुलाई खेलकुदमा प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गरिने छ ।

९५. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी भई गाउँपालिकाको इज्जत बढाउने खेलाडीहरुलाई विशेष प्रोत्साहन गरिनेछ । गाउँपालिका क्षेत्र बाहिरका विभिन्न प्रतिष्पर्धामा उत्कृष्टता हासिल गर्ने खेलाडीहरुलाई गरिने सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९६. खेलाडीहरु बीच सौहार्द वातावरण सिर्जना गरी आन्तरिक पर्यटनको विकासमा सघाउ पुऱ्याइनेछ ।

९७. युवा क्लवहरुको प्रवर्द्धन गरी नमूना युवा संसद अभ्यास आयोजना गरी युवाहरुको नेतृत्व विकास, अनुशासन र वक्तृत्व कलाको विकासमा जोड दिईने छ । युवा प्रतिभा पहिचान गरी सामाजिक जागरण र रुपान्तरणमा युवाहरु परिचालन गरिने छ । युवा उद्यमशीलता विकास गरी स्वरोजगार र आर्थिक विकासमा जोड दिईनेछ । युवा परामर्श कार्यक्रम सञ्चालन गरी सकारात्मक सोचको विकास र सामुदायिक विकासमा युवाहरुलाई समाहित गरिने छ ।

९८. सामाजिक समावेशीकरण, लैंगिक हिंसा न्यूनीकरणका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

९९. गाउँपालिकाको समग्र विकासका लागि महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरिकको सहभागिता, क्षमता विकास र संस्थागत विकासका कार्यक्रम निरन्तर कार्यान्वयन गरिने छ ।

१००. महिलाहरुको आर्थिक विकास, सामाजिक विकास र क्षमता विकासमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिने छ । "एक वडा एक महिला उद्योग कार्यक्रम"लाई निरन्तरता दिईने छ ।

१०१.बेरोजगार महिलाहरुको रोजगार र उद्यमशीलता विकासका कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगार सिर्जना गरिने छ । सबै वडामा गठन भएका महिला समूहहरुलाई संस्थागत विकास र सामाजिक रुपान्तरण तर्फ अभिप्रेरित गरिने छ ।

१०२.**"सुनौला हजार दिनका आमासँग उपाध्यक्ष कार्यक्रम"** लाई आगामी आर्थिक वर्षमा पनि अभियानको रुपमा सञ्चालन गरिने छ । महिला शसक्तीकरण र महिला आयआर्जन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१०३.बालबालिकाको हक र अधिकारको सुनिश्चितताका कार्यक्रमहरु विद्यालय र समुदाय स्तरमा सञ्चालन गरिने छ । बालबालिका, अपाङ्गता भएका व्यक्तिका सवालहरुलाई पालिका, वडा, टोल, बस्ती हुँदै घरपरिवार सम्म सम्बोधन हुने वातावरण सृजना गरिने छ । बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, विकास तथा मूल प्रवाहीकरणका सघन कार्यक्रमहरु ल्याईने छ । अभिभावक विहीन बालबालिकाको संरक्षण गरी सहज जीवनयापन, अनिवार्य पठनपाठन, स्वास्थ्य सेवा लगायतका अधिकारहरुलाई सुनिश्चित गरिने छ ।

१०४.गाउँपालिकालाई पूर्णतःलैङ्गिक हिंसा मुक्त पालिका घोषणा गर्न समुदाय तथा विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । सबै प्रकारका लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ । जेष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यकका साथै सीमान्तकृत र अति सीमान्तकृत नागरिकको उत्थान र विकासका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०५.गरीब तथा विपन्न दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिलाको आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक समाजिक विकासका कार्यक्रम सञ्चालन गरिने छ।

१०६.जेष्ठ नागरिक सेवा केन्द्रको भवन निर्माणलाई निरन्तरता दिदै पार्क निर्माणका कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिईने छ। जेष्ठ नागरिकको घरमै नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ। निजहरुको आत्मसम्मानको लागि आवश्यक सामग्री तथा सम्मान कार्यक्रम सञ्चालनमा ल्याईने छ।

१०७.विदेशबाट फर्केका बेरोजगार युवाहरुको उद्यम विकास, आयआर्जन र व्यवसायीकरण हुने खालका कार्यक्रम सञ्चालन गरी "गाउँमै बसौः यही उद्यम गरौँ" भन्ने वातावरण तयार गरिने छ।

१०८.नयाँ सार्वजनिक भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा जेष्ठ नागरिक मैत्री बनाउन अनिर्वाय गरिनेछ।

१०९.व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरी चुस्तदुरुस्त गराई सेवा प्रदान गरिने छ। व्यक्तिगत घटना दर्ता शिविरको आयोजना गरी गाउँपालिकावासीलाई सहज वातावरण सिर्जना गरिने छ।

११०.गाउँपालिकाका सबै वडाहरुमा बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१११.गाउँपालिकाको कार्यालयमा मेलमिलापकर्ताहरु सूचीकृत गर्ने कार्यलाई निरन्तरता दिई स्थानीय विवादहरु मेलमिलापकर्ता मार्फत मध्यस्तता तथा मेलमिलाप गरी समाधान हुने वातावरण सिर्जना गरिने छ। गाउँपालिकामा एउटा छुट्टै मेलमिलाप सहायता कक्षको स्थापना गरी समुदाय स्तरका विवादहरु समाधान गरिने छ। गम्भीर प्रकृतिका विवाद तथा कसूरहरुको कानुनी उपचारको लागि सहजीकरण गरिने छ।

११२.दिगो विकास लक्ष्यको कार्यान्वयनमा गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय,सहकार्य र साझेदारी आवश्यक छ। गैरसरकारी संस्था महासंघको समन्वयमा गाउँपालिकामा गैससहरुले सञ्चालन गरेका परियोजना तथा कार्यक्रमको समीक्षा गरिनेछ। गैससमा भएको विज्ञता, अनुभव, उपलब्ध स्रोत, समुदाय परिचालनको अवस्था, विगतको

कार्यसम्पादन स्तरको मूल्यांकन गर्दै गरिबी निवारण, सामाजिक समावेशीकरण तथा सुशासन प्रवर्द्धनमा गैरसरकारी संस्थालाई गाउँपालिका विकासको सहयात्रीको रुपमा परिचालन गरिने छ।

**सभा सदस्यहरु,**

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

११३. दिगो विकासका लक्ष्यहरु पूरा गर्ने गरी गाउँपालिकाका योजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन्। जलवायु अनुकुलन कार्यक्रमलाई विकास योजनामा आन्तरिकीकरण गरिनेछ।

११४. नदी तथा खोलाजन्य प्रकोप नियन्त्रणका लागि दर खोला, म्याग्दी खोला, मराङ खोला, फलियागाउँ स्थित छयारछयारे खोला, पूर्ण गाउँ देखि सिम सम्मको खोला लगायतका नदी तथा खोला किनारहरुमा कटान रोक्न आवश्यक तटबन्धन तथा बस्ती संरक्षण योजनाहरु सञ्चालन गरिने छ।

११५. "प्लास्टिक बाल्न पनि हुन्न र फाल्न पनि हुन्न" भन्ने अभियानलाई अगाडि बढाईने छ। फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यक्रम ल्याइने छ। सिसाजन्य फोहोरको न्यूनीकरण, पुनर्प्रयोग र चक्रीय प्रयोगमा जोड दिइनेछ। स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूत गर्न वातावरणीय स्वच्छताका कार्यक्रमहरु अगाडि बढाईने छ।

११६. प्रकोप व्यवस्थापन, विपद् तथा प्रकोपमा तत्काल उद्धार गर्न तथा प्रकोप नियन्त्रण गर्न उद्धार सामाग्रीको व्यवस्था गरी चालु हालतमा राखिने छ। यसका लागि सामुदायिक संस्था, नेपाल प्रहरी, रेडक्रस तथा अन्य सरोकारवाला निकायहरु बीचको समन्वयलाई प्रभावकारी गराईने छ। विपद्बाट सिर्जना भएका जोखिम तथा हानिहरु न्यूनीकरण गरी दिगो रुपमा पूनर्स्थापना गर्ने कार्यक्रम कार्यान्वयन गरिने छ।

११७. धवलागिरि समृद्धिका लागि वन कार्यक्रम, वन पैदावार व्यवस्थापन, वृक्षारोपण र वन्यजन्तु संरक्षणका लागि सम्बन्धित निकायसँग सहकार्य गर्दै आर्थिक रुपले महत्वपूर्ण जडिबुटि, कृषि, वन तथा गैर कृषि वन पैदावारको व्यवसायिक खेती र उत्पादन वृद्धिलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालनमा ल्याइने छ।

११८.समुदायमा आधारित संरक्षण क्षेत्र घोषणाका लागि सम्भाव्यता अध्ययन र पूर्व तयारीका कार्य गर्न सम्बन्धित निकाय र संघ सस्थासँग समन्वय गरी कार्यक्रमहरु अगाडि बढाईने छ ।

११९.गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोतहरु ढुङ्गा, गिट्टी, बालुवा आदि संरक्षणका लागि अनुगमन र संरक्षण समिति गठन गर्ने तथा उत्खननका लागि IEE को मापदण्ड अनुसार उत्खनन गरी पालिकालाई आर्थिक रुपमा सम्पन्न बनाउने नीति लिईने छ ।

**सभा सदस्यहरु,**

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१२०. पालिका सरकारको सेवालाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै लैजानु आजको आवश्यकता हो । जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारीपूर्ण र सेवाग्राही मैत्री व्यवहार आमनागरिकको अपेक्षा हो । तसर्थ आगामी दिनमा गाउँपालिकाको प्रशासनिक संरचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रियालाई सुशासनको अवधारणाअनुकूल बनाउदै लैजाने नीति लिइने छ । गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीलाई लक्षित गरी क्षमता विकास र अध्ययन अवलोकन भ्रमणका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२१.नागरिक मैत्री सेवा प्रवाहको सुनिश्चितताको लागि कर्मचारीहरुलाई परिणामप्रति उत्तरदायी बनाइने छ । नयाँ सांगठनिक संरचना अनुरुप कर्मचारीको पदस्थापना गरी कार्यसम्पादनलाई व्यवसायिक र प्रतिष्पर्धी बनाईने छ । कार्यसम्पादन तथा उपलब्धिमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी कर्मचारीको मनोबल उच्च राखिने छ ।

१२२.गाउँपालिकाका वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि तथा पशु सेवा केन्द्रहरु र गाउँ कार्यपालिकाको कार्यालयलाई पालिकावासीमैत्री बनाई विकास, सम्वाद, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शिता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने व्यवस्था मिलाइने छ ।

१२३. गाउँपालिकामा कार्यरत अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुको न्यायोचित वृत्ति विकास, योगदानमा आधारित अवकास कोष/ श्रमिक कल्याण कोषको शुरुवात गरी मनोवल वृद्धि गरिने छ। गाउँपालिकामा कार्यरत गाउँपालिका अन्तर्गतका सबै कर्मचारीको

पारिश्रमिक संघीय सरकारद्वारा घोषित न्यूनतम पारिश्रमिक बराबर बनाइने छ । दरबन्दी संरचना अनुसार कार्यरत कर्मचारीको सेवा सुविधा व्यवस्थापन गरिनेछ । औचित्य र आवश्यकताको आधारमा सेवामा निरन्तरता दिइने छ ।

१२४. गाउँपालिकाको विकासका लागि विकास साझेदारमैत्री वातावरण सिर्जना गरिनेछ । ठूला तथा पालिकाका गौरवका योजनाहरु सञ्चालन गर्न संघ तथा प्रदेश सरकार र अन्य साझेदार निकायहरुसँग साझेदारी गर्ने कार्यलाई निरन्तरता दिइने छ । यसका लागि समपूरक कोषको व्यवस्था गरिने छ ।

१२५. गाउँपालिका क्षेत्रको विकास क्रियाकलापमा आउन सक्ने वित्तीय जोखिम न्यूनीकरणका लागि पूरानो पेश्की, बेरुजु फछर्यौटको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य बेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइने छ । गाउँपालिकाबाट योजना सञ्चालन गर्दा पेश्की, रनिङ्ग बिल र कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने परिपाटीको विकास गरिनेछ ।

१२६. गाउँपालिका क्षेत्रको विकासमा अवरोध गर्ने, सडक तथा नदी, खोला नालाको क्षेत्राधिकार मिच्ने, मास्ने तथा नष्ट गर्ने, जमिन, घर तथा भौतिक संरचनामा स्वीकृत मापदण्ड विपरीतको कार्य गर्ने व्यक्ति तथा समूहको पहिचान गरी गाउँपालिका स्तरीय लगत खडा गरिनेछ । वडा तथा गाउँ कार्यपालिकाले ती व्यक्ति तथा समूहलाई नियमन गर्दै कानुनी दायरामा ल्याइने छ ।

१२७. पालिकाको उपलब्धीको प्रचार प्रसार गर्ने, पालिकावासीहरुलाई सार्वजनिक सूचना तथा जानकारी सम्बन्धमा सुसूचित गर्ने र कार्यान्वयन भएका कार्यक्रमहरुको नियमित रुपमा सार्वजनिकीकरण गरिने छ । स्थानीय सञ्चार माध्यमको सवलीकरणलाई निरन्तरता दिइने छ । स्थानीय सरकारको अधिकार कार्यान्वयनका लागि एकल तथा साझा सूचीमा रहेको अधिकार अन्तर्गतका कानुनहरु आवश्यकताका आधारमा निर्माण गरिने छ । पालिकामा हासिल भएका महत्वपूर्ण उपलब्धिहरुलाई डकुमेन्ट्री तथा हाते पुस्तिका मार्फत प्रकाशन गरिनेछ ।

१२८. नागरिकको सूचनाको हकलाई प्रत्याभूत गर्न गाउँपालिकाका नीति, कानुन, राजपत्र मार्फत प्रकाशन गरिएको छ । पालिकाका निर्णयहरु वेवसाइट मार्फत प्रकाशन गरिएको छ । पालिका

बाट निर्माण गरिने नीति, नियम, ऐन कानुनहरुमा सार्वजनिक पृष्ठपोषणका लागि गाउँपालिकाको वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ। यस कार्यलाई अझ सबलीकरण गर्दै निरन्तरता दिइने छ।

१२९.गठन भएका टोल विकास संस्थाहरुलाई गाउँपालिका विकासको अभियानमा समाहित गरिनेछ। टोल टोलको विकासका लागि टोल विकास संस्था मार्फत नागरिक सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिने छ।

१३०.नेपाल प्रहरी सँगको सहकार्यमा सुरक्षा व्यवस्थालाई सुदृढ बनाइनेछ। चालू आर्थिक वर्षभित्रमा नै वडा नं ३, घट्टेखोलामा प्रहरी पोष्ट स्थापना गरिनेछ। गाउँपालिकामा सुरक्षा व्यवस्थापन गर्न, गाउँ कार्यापालिकाका निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउन, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न नेपाल प्रहरीसँगको सहकार्यमा आवश्यक कदम चालिने छ। संघीय सरकारसँग समन्वय गरी क्रमशः १ वडा, १ प्रहरी चौकी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

१३१.करको दर कम र दायरा फराकिलो बनाउने कार्यको शुरुवात गरिएको छ। गरीबमैत्री वा प्रगतिशील कर प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ। कर प्रणालीलाई विद्युतीय माध्यममा आवद्ध गर्दै लगिने छ।

**सभा सदस्यहरु,**

१३२.अन्त्यमा, धवलागिरि गाउँ कार्यपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन गरी "कृषि, पर्यटन, जलस्रोत र भौतिक पूर्वाधारः समृद्ध धवलागिरि निर्माणको आधार" भन्ने मूल सङ्कल्पलाई साकार रुप दिन यहाँहरुको साथ, समर्थन र सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमा पनि अझै बढी सार्थक र समालोचनात्मक सहयात्राको लागि सम्पूर्ण गाउँपालिकावासी आमाबुवा, दिदीबहिनी, दाजुभाई तथा सबै सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु।

**धवलागिरि बासीको जय होस्।**

**धन्यवाद।**

**प्रेम प्रसाद पुन**
**गाउँपालिका अध्यक्ष**
**धवलागिरि गाउँ कार्यपालिका मुना,**
**म्याग्दी**